**Far Western Journal of Education**
A Peer-reviewed Journal
ISSN: 3059-9113 (Print)
Published by Faculty of Education, Far Western University
Mahendranagar, Nepal

# 'तरुण तपसी'को तृतीय विश्राममा प्रकृति र विकृति चिन्तन

**परमानन्द जोशी**
उप प्राध्यापक, सुदूरपश्चिम विश्वविद्यालय
गोकुलेश्वर बहुमुखी क्याम्पस
दार्चुला, नेपाल
Email: pmjoshi912@gmail.com

**लेखसार**

प्रस्तुत अध्ययनमा नेपाली दार्शनिक महर्षि कपिलद्वारा प्रतिपादित साङ्ख्य दर्शन अन्तर्गतको प्रकृति र विकृति चिन्तनसम्बन्धी सैद्धान्तिक मान्यताका आधारमा कविशिरोमणि लेखनाथ पौड्यालद्वारा रचित काव्य तरुण तपसीको तृतीय विश्रामका विभिन्न पाँच वटा श्लोकहरूमा प्रयोग गरिएको दार्शनिक चिन्तनको स्वरूप केकस्तो रहेको छ भनी पुस्तकालयीय अध्ययनमा आधारित रही व्याख्याविश्लेषण प्रस्तुत गरिएको छ। दार्शनिक कवि लेखनाथको महत्त्वपूर्ण काव्य 'तरुण तपसी'मा प्रयुक्त दर्शनलाई पहिल्याएर त्यसको विश्लेषण गर्नु यस अध्ययनको प्रमुख उद्देश्य हो। जगत् र जीवनको सृष्टिका मूल चार पदार्थ र पच्चिस तत्त्वको सङ्ख्या नै साङ्ख्य दर्शनको मुख्य विषय हो। उद्धृत साक्ष्यहरूमा साङ्ख्य दर्शनले मानेका प्रकृति पदार्थ र विकृति पदार्थ अन्तर्गतका सोह्र तत्त्वहरू, त्रिगुण र त्रितापको प्रसङ्ग उल्लेख छ। यहाँ उद्धृत प्रथम साक्ष्यमा विकृति पदार्थ अन्तर्गतका जलतत्त्व र पृथ्वीतत्त्वको सम्बन्ध प्रगाढ छ र यी तत्त्वहरूबाट प्राणीजगत्लाई अलौकिक आनन्द प्राप्त हुन्छ भन्ने भाव रहेको छ। दोस्रो साक्ष्यमा अनेक जीवजन्तु र प्राणीका इन्द्रियजन्य आधिभौतिक तापहरूलाई सहन गर्नु परेको दार्शनिक भाव पाइन्छ। तेस्रो साक्ष्यमा पञ्चभौतिक तत्त्वकै रसबलले निर्मित भौतिक शरीरका अङ्गहरू सबल र सुगठित हुँदा हृदयमा पनि खुसीको अनुभव हुने विचारलाई अघि सारिएको देखिन्छ। चौथो उद्धृतांशमा मनतत्त्वको चञ्चलता, क्षणभङ्गुर भौतिक शरीरको उत्थानमा खुसी र पतनमा दुःखी भइने प्रकृतिविकृतिको चक्रीय प्रक्रियाको अभिव्यक्ति प्रस्तुत छ। विवेचित पाँचौं तथा अन्तिम श्लोकमा क्षणभङ्गुर भौतिक शरीरमा वास गरेर अनेक सङ्कल्प, तृष्णा र महत्त्वाकाङ्क्षा पाल्ने अति सूक्ष्म मनतत्त्वको शक्ति चामत्कारिक भएको दार्शनिक भावको अभिव्यक्ति गरिएको छ। दर्शनजस्तो गहन र निरस विषय यहाँ सरल र सरस ढङ्गले हाम्रा जीवनको अभिन्न अङ्ग बनेर प्रस्तुत छ। त्यसैले यहाँ प्रस्तुत विषय पठनीय र मननीय रहेको देखिन्छ।

*शब्दकुञ्जी :* समाधि, विदेहमुक्ति, पञ्चतन्मात्रा आदिदैविक, आधिभौतिक, क्षणभङ्गुर।

©Author(s) and Publisher
*This open access article is distributed under a* ***Creative Commons Attribution-Non Commercial 4.0 (CC BY-NC 4.0) International Public License.***

## विषय परिचय

लेखनाथ पौड्याल (१९४१-२०२२)द्वारा रचित तरुण तपसी काव्य उनमा रहेको दार्शनिक चिन्तनमा आधारित छ । नेपाली कवितामा आधुनिकताको प्रथम उद्घोष गर्ने र परिष्कारवादी काव्यधाराको थालनी गर्ने पौड्यालले समाज, प्रकृति, पुराण र दर्शनलाई विषयवस्तु बनाएर कविताकाव्यको रचना गरेका छन् । शैलीशिल्प र विचारको कलात्मक र कुशल संयोजन गर्न सक्ने खुवी भएका उनको तरुण तपसी काव्यमा दार्शनिक चिन्तनको सघन र कलात्मक अभिव्यक्ति गरिएको पाइन्छ । हरेक पदमा परिष्कार, प्रत्येक शब्दमा शास्त्रीयता, लयकारितामा लालित्य, भावमा दार्शनिक गहिराइ पाइनु लेखनाथका काव्यकर्मको विशेषता बनेको पाइन्छ । प्रस्तुत काव्यमा आध्यात्मिक चेतनाका साथै साङ्ख्य, योग र वेदान्त दर्शनका विभिन्न मान्यताको अभिव्यक्ति पाइन्छ । काव्यका अतिरिक्त नाटक, निबन्ध र कथा आदिको अनुवाद विधामा समेत योगदान गरेका पौड्यालको तरुण तपसी (२०१०) काव्यमा मूलतः प्रकृति र विकृति चिन्तनलाई सशक्त र सघन रूपमा प्रयोग गरिएको छ ।

'तरुण तपसी' काव्य जम्मा उन्नाइस विश्राममा संरचित छ । वर्णमात्रिक शिखरिणी छन्दमा संरचित प्रस्तुत काव्यका हरेक विश्रामको पहिलो र अन्तिम श्लोक (पहिलो विश्रामको सुरुबाहेक) क्रमशः वियोगिनी र मालिनी छन्दमा संरचित छन् । कविले यस काव्यमा रूखलाई जिउँदो महात्मा बनाएर आफू पनि कविऋषि बनेका छन् । दार्शनिक चिन्तनको प्रचुर प्रयोग गरिएको प्रस्तुत काव्य यस दृष्टिले निकै महत्त्वपूर्ण एवम् विवेच्य रहेको देखिन्छ । जीवनजगत्का रहस्यमय विषयहरूको चिन्तनलाई आफ्ना काव्यमा जीवन दिने लेखनाथको तरुण तपसी काव्य प्रकृति, विकृति, प्रकृति-विकृति, अनुभय (पुरुष) कर्मयोग, समाधि, जीवन्मुक्ति र विदेहमुक्ति, तप, चित्तवृत्ति निरोध, आत्मा, ब्रह्म, ईश्वर, जगत्जस्ता विभिन्न दार्शनिक कोणबाट विश्लेषणीय रहेको छ ।

प्रस्तुत लेखमा चाहिँ साङ्ख्य दर्शनद्वारा प्रतिपाद्य विषय प्रकृति र विकृति चिन्तनलाई मूल आधार बनाई तरुण तपसी काव्यको तेस्रो विश्रामका श्लोकहरूलाई विश्लेषण गरिएको छ र यही प्रकृति र विकृतिको दार्शनिक कोणबाट उक्त काव्यको तेस्रो विश्रामका श्लोकहरूको व्याख्या विश्लेषण गर्नु प्रस्तुत अध्ययनको मुख्य उद्देश्य वा समस्या हो । तरुण तपसी काव्यसम्बन्धी केही दर्शनपरक अध्ययनहरू भएको पाइए पनि साङ्ख्य दर्शनको प्रकृति र विकृति चिन्तनलाई मुख्य आधार बनाएर यसको अध्ययन कहीँकतै भएको पाइँदैन; त्यसैले 'तरुण तपसी काव्यको तेस्रो विश्राममा प्रकृति र विकृति चिन्तन' शीर्षकको प्रस्तुत अध्ययन औचित्यपूर्ण रहेको छ र यस अध्ययनलाई विवेच्य काव्यको तेस्रो विश्रामका विभिन्न पाँच वटा श्लोकको मात्र अध्ययनमा सीमित गरिएको छ ।

## अध्ययन विधि

तरुण तपसीको तृतीय विश्राममा प्रकृति र विकृति चिन्तन' शीर्षकको प्रस्तुत अध्ययनका लागि मूलतः पुस्तकालयीय अध्ययन कार्यबाट सामग्री सङ्कलन गरिएको छ । यसका लागि प्राथमिक सामग्रीका रूपमा कविशिरोमणि लेखनाथ पौड्यालको काव्य तरुण तपसी (२०१०, बाह्रौँ संस्क.)लाई लिइएको छ भने द्वितीयक

स्रोतसामग्रीका रूपमा साङ्ख्य दर्शन अन्तर्गत प्रकृति र विकृतिसम्बन्धी चिन्तनमा आधारित रही विभिन्न विद्वान्हरूले लेखेका पुस्तक, अध्ययन पत्र र पत्रपत्रिकामा प्रकाशित लेखहरूलाई उपयोग गरिएको छ। प्रस्तुत अध्ययनमा साङ्ख्य दर्शन अन्तर्गतको प्रकृति र विकृतिसम्बन्धी सैद्धान्तिक मान्यताका आधारमा 'तरुण तपसी' काव्यको तृतीय विश्रामका श्लोकमा प्रयुक्त प्रकृति र विकृति चिन्तनलाई ठम्याई व्याख्यात्मक विधिबाट त्यसको विश्लेषण प्रस्तुत गरिएकाले यस अध्ययनको ढाँचा गुणात्मक प्रकृतिको रहेको छ।

पूर्वीय दर्शनको परम्परामा षड्दर्शन भनिने साङ्ख्य, योग, न्याय, वैशेषिक, मीमांसा र वेदान्त दर्शनमध्ये साङ्ख्य दर्शन सर्वप्राचीन दर्शन हो। साङ्ख्य दर्शनलाई प्रतिपादन गर्ने कार्य दार्शनिक कपिल (इ. पू. छैटौँ शताब्दी)बाट भएको मानिन्छ। साङ्ख्य दर्शन चार पदार्थ (प्रकृति, विकृति, प्रकृति-विकृति, पुरुष/अनुभय) र पच्चीस तत्त्वको सङ्ख्यासँग सम्बन्धित छ। यसमा सम्मिलित रहेका पच्चीस तत्त्व हुन्- वाक्, पाणि, पाद, पायु (शरीरभित्रको विकार उत्सर्जन गर्ने अङ्ग), उपस्थ (जननेन्द्रिय)सहित पाँच कर्मेन्द्रिय, त्वक्, चक्षु, श्रोत्र, जिह्वा, घ्राणसहित पञ्चज्ञानेन्द्रिय, गन्ध, रस, रूप, स्पर्श, शब्दसहित पञ्चतन्मात्रा, पृथ्वी, जल, तेज (अग्नि), वायु, आकाशसहित पञ्चमहाभूत र मन, बुद्धि, चित्त, अहङ्कार, स्मृतिसहित पाँच अन्तःकरण (ढकाल, २०७६, पृ. १२४-१२५)। साङ्ख्य दर्शनले यो जगत् प्रकृति र पुरुषको सम्बन्धबाट निर्मित मानेको छ। यसले प्रकृतिलाई सत्त्व, रज र तमजस्ता परस्पर विरोधी तीन गुणहरूको साम्यावस्थाका रूपमा लिन्छ र ज्ञान वा चेतनाको स्रोत पनि प्रकृतिलाई नै मान्दछ। प्रकृति र विकृतिको विषयलाई डा. प्रमोद ढकालले यसरी स्पष्ट पारेका छन्-

> प्रकृतिले यो सृष्टिको आधारभूत भौतिक खजाना (सत्त्व, रज, तम तथा समय) को धारण गरेको हुन्छ। सृष्टिको आदिमा सन्तुलनमा रहेका सत्त्व, रज, तमको सन्तुलन जब विघटित हुन्छ, अर्थात् प्रकृतिमा विकृति हुन थाल्दछ, तब ती सत्त्व, रज र तम आपसमा मैथुनीभूत हुन थाल्दछन्। त्यसरी मैथुनीभूत हुनु तिनको प्रकट अवस्था हो। (ढकाल, २०७६, पृ. १९)

साङ्ख्य दर्शनले प्रकृतिबाटै महत् (बुद्धि), अहङ्कार र मन आदिको उत्पत्ति हुने कुरा बताउँछ। यसले तीन प्रकारका प्रमाणहरू प्रत्यक्ष, अनुमान र शब्द अनि तीन प्रकारका दुःखहरू आध्यात्मिक, आधिभौतिक र आधिदैविक मान्दछ। यी तीनै प्रकारका दुःखबाट सदाका लागि मुक्त हुनुलाई यस दर्शनले मोक्ष मान्दछ (किरण, पृ. ५४)। तरुण तपसी काव्यको तेस्रो विश्रामका विभिन्न पाँच श्लोकलाई यस अध्ययनमा प्रकृति र विकृतिसम्बन्धी दार्शनिक चिन्तनका सैद्धान्तिक मान्यताका आधारमा व्याख्याविश्लेषण गरिएको छ।

साङ्ख्य दर्शनले मानेका चार मूल पदार्थमध्ये प्रकृति र विकृति पदार्थ महत्त्वपूर्ण छन्। यी पदार्थलाई 'मूलप्रकृतिरविकृति' (साङ्ख्यसूत्र, १/६७) अर्थात् कुनै विकार नभएको मूल रूप प्रकृति र मूलरूपमा विकार आएर बन्ने रूप विकृति हो भनेर चर्चा गरिएको छ। प्रकृति कारण हो तर यो आफू कहिल्यै कार्य बन्न सक्दैन; त्यसैले यो अव्यक्त र प्रधान मानिन्छ। प्रकृतिमा रहने त्रिगुणमध्ये सत्वगुण हलङ्गो र प्रकाशमान हुन्छ, रजोगुण चञ्चल र उत्तेजक हुन्छ, तमोगुण अत्यन्त गह्रुङ्गो र अवरोधक हुन्छ। कुनै एउटा प्रयोजनका लागि यी तीनै गुणहरूको मेल वा सम्बन्धले त्यहाँ काम गर्दछ (साङ्ख्यसूत्र १/६७, गौतम २०७८, पृ. ८२)। अव्यक्त र प्रधान प्रकृति पदार्थमा त्रिगुणयुक्त विशेषताका कारणले देखिने प्रभाव वा विकृतिलाई तरुण तपसी काव्यका विश्लेष्य अंशमा विश्लेषण गरिएको छ।

मूल रूपमा विकार आएर परिवर्तन हुने पदार्थ विकृति हो (माधवाचार्य, सन् २०१२, पृ. ५२८, गौतम २०७८, पृ. ८२) । माटो मूल रूपबाट घैंटो र बिउ मूल रूपबाट अङ्कुर बन्नु विकृतिको दृष्टान्त हो । यसरी कुनै पदार्थमा विकार आएर परिवर्तित हुनु विकृतिको लक्षण हो । साङ्ख्य दर्शनअनुसार १६ वटा विकार (पञ्चमहाभूत र एघार इन्द्रिय) हुन्छन् । यिनै सोह्र तत्त्वको सामूहिक नाम विकृति हो । यी विकृति पदार्थ अन्तर्गतका तत्त्वहरू कार्यमात्र बन्न सक्ने तर कहिल्यै पनि कारण बन्न नसक्ने हुन्छन् । प्रकृतिबाट महत्, महत् बाट अहङ्कार, अहङ्कारबाट पञ्चतन्मात्रा (रूप, रस, गन्ध, स्पर्श, शब्द) र एघार इन्द्रिय, पञ्चतन्मात्राबाट पञ्चमहाभूतका परमाणु र परमाणुबाट यो सारा जगत्को सृष्टि हुन्छ भनी साङ्ख्य दर्शन स्वीकार गर्दछ (गिरी २०५५, पृ. ४५) । तरुण तपसीको तेस्रो विश्रामका श्लोकमा रहेको कार्यरूप विकृति पदार्थसम्बन्धी उल्लिखित चिन्तनको  विषयलाई यहाँ अध्ययन विश्लेषण गरिएको छ ।

यसरी हेर्दा के देखिन्छ भने साङ्ख्य दर्शन प्रकृति र विकृति मूल पदार्थलाई सर्वोपरि महत्त्व दिने दार्शनिक चिन्तन हो । यस दर्शनले सम्पूर्ण विश्वजगत् कारणरूप प्रकृति मूल पदार्थ र कार्यरूप मूल विकृति पदार्थबाट विकसित २५ तत्त्वको क्रियाप्रतिक्रियाबाट निर्मित भएको भन्ने विश्वास राख्दछ । यस दर्शनअनुसार प्रकृति मूल पदार्थ, पुरुषबाहेक अन्य सबै तत्त्वको जननी हो । प्रकृतिको विनाश पनि हुँदैन किनकि यो अनादि र अनन्त हुन्छ तर मूल प्रकृतिमा जब विकृति पदार्थमा रहने विभिन्न तत्त्वहरूको प्रभावद्वारा उथलपुथल वा परिवर्तन हुन्छ तब जीवनजगत्मा विकारहरू देखिन्छन्; विभिन्न स्वरूपमा व्यक्त हुन्छन् । महत्, अहङ्कार र पञ्चतन्मात्रा (गन्ध, रस, रूप, स्पर्श, शब्द) अरू तत्त्वबाट उत्पन्न हुने हुनाले यिनी प्रकृति-विकृति दुवै हुन् । प्रकृति र पुरुष अव्यक्त हुन्छन्; बाँकी सबै तत्त्व व्यक्त हुनुका साथै प्रकृतिबाट कारणकार्य भावले उत्पत्ति हुन्छन् र परिवर्तनशील हुँदै आआफ्नै कारण विलीन हुन पुग्छन् भन्ने प्रकृति र विकृति चिन्तन साङ्ख्य दर्शनमा पाइन्छ (राई, २०७४, पृ. २७१) । यही दार्शनिक चिन्तनका सैद्धान्तिक मान्यताका आलोकमा तरुण तपसी काव्यको निर्धारित अंशलाई नियालेर यहाँ त्यसको अध्ययन-विश्लेषण प्रस्तुत गरिएको छ ।

## परिणाम र विमर्श

कविशिरोमणि लेखनाथ पौड्यालको रचना तरुण तपसी काव्यमा दर्शनपरक चिन्तनको सघन र सशक्त अभिव्यक्ति गरिएको छ । मूलतः शास्त्रीय शिखरिणी छन्दमा संरचित यस काव्यको तेस्रो विश्रामका श्लोकहरूमा पूर्वीय साङ्ख्य दर्शन अन्तर्गतको प्रकृति र विकृति चिन्तनलाई प्रस्तुत गरिएको पाइन्छ । प्रकृति र जीवनजगत्का अनेक पदार्थ र तत्त्वहरू यहाँ विम्ब र प्रतीकको रूपमा प्रस्तुत गरिएका छन् । जम्मा ३६ वटा श्लोकहरू रहेको तेस्रो विश्राममा पहिलो र अन्तिम श्लोक क्रमशः वियोगिनी र मालिनी छन्दमा अनि अरू सबै श्लोकहरू शिखरिणी छन्दको संरचनामा प्रस्तुत गरेका कविले यहाँ आफूमा रहेको दार्शनिक चिन्तनलाई चित्ताकर्षक ढङ्गले अभिव्यक्त गरेका छन् ।

साङ्ख्य दर्शन चार पदार्थ र पच्चीस तत्त्वको सङ्ख्यासँग सम्बन्धित छ । यो सारा जगत्को सृष्टि प्रकृति मूल पदार्थबाट उत्पन्न पच्चीस तत्त्वबाट भएको हो भन्ने मान्यता साङ्ख्य दर्शनले राख्तछ र उक्त पच्चीस तत्त्वमा प्रकृति, महत्, अहङ्कार, मन, वाक्, पाणि, पाद, पायु, उपस्थसहित पाँच कर्मेन्द्रिय, त्वक्, चक्षु,

श्रोत्र, जिह्वा, घ्राणसहित पञ्चज्ञानेन्द्रिय, गन्ध, रस, रूप, स्पर्श, शब्दसहित पञ्चतन्मात्रा, पृथ्वी, जल, तेज, वायु, आकाशसहित पञ्चमहाभूत र पुरुष पर्दछन् । पञ्चमहाभूत तत्त्वमध्ये जलतत्त्व पनि एक हो र रसरूप जलीय तत्त्वविना यस जगत्मा कुनै पनि जीवको सृष्टि सम्भव छैन । जलतत्त्व सम्पूर्ण प्राणीजगत्मा व्याप्त छ र यसका अनेक रूपहरू हुन सक्छन् । हाम्रो शरीर देखा पर्ने रगत र पसिना, हिमालय पर्वतमा ठोस रूपमा र हने हिउँ, धरतीमाथिको शून्य आकासमा भिन्न रूपमा देखा पर्ने बादल यी सबै जलीय तत्त्वकै अलगअलग रूप हुन् । जलतत्त्वको भूमिका हाम्रो जीवनमा ज्यादै नै महत्त्वपूर्ण छ । पृथ्वीमा चार भागमध्ये तीन भागमा जलतत्त्व व्याप्त छ । हाम्रो शरीरमा पनि यस तत्त्वको उपस्थिति सत्तरी प्रतिशतभन्दा बढी हुन्छ । जलतत्त्वकै कारण हामी गुलियो, नुनिलो, अमिलो आदि स्वादको अनुभव गर्न सक्छौं । जल अर्थात् पानी हाम्रो जीवनको अभिन्न अङ्ग हो । यसले हाम्रो शरीरका बाह्य र आन्तरिक अवयवहरूलाई सफा र स्वस्थ राख्न सहयोग गर्दछ । तातो वा चिसो पानीको प्रयोगले हाम्रो शरीरमा रक्तसञ्चारलाई सक्रिय बनाउँछ र सबै प्राणीलाई यसले ऊर्जा दिन्छ । गर्मीको समयमा चिसो पानीले स्नान गर्दा शारीरिक र मानसिक थकान मेटिएर शान्ति प्राप्त हुन्छ । जलतत्त्व केवल जीवनदायी मात्र नभएर सुखदायी तथा आनन्ददायी तत्त्व पनि हो भन्ने भावको अभिव्यक्तिलाई तलको काव्यांशमा यसरी प्रकट गरिएको छ-

बित्यो वर्षा, प्यारो जलद जल-धारा छरिछरी<br>
हरी ग्रीष्म-ज्वाला, सकल पृथिवी शीतल गरी ।<br>
पखेरामा लागी तुहिनगिरिको शङ्कर सरी<br>
बस्यो यद्वा लेट्यो सुखमय हँसीलोपन धरी ॥ (दोस्रो श्लोक)

माथि प्रस्तुत श्लोकमा जलतत्त्वलाई सर्वप्रिय तत्त्व मान्दै यसका विकृतिजन्य विविध रूपगुणहरूको चर्चा गरिएको छ । पशुपालन, कृषि, सरसफाइ, ऊर्जा आदि क्षेत्रमा जलतत्त्वको उपयोगिता अमूल्य वरदानका रूपमा रहेको छ । बादलबाट वर्षा हुने र हिमालमा हिउँ परिरहने प्रक्रियाको चक्र अनादिकालदेखि चल्दै आएको छ । वर्षारूपी जलतत्त्वले सकल पृथ्वीको ज्वर तथा प्रचण्ड गर्मीरूपी तापलाई शमन गर्दै शीतलता प्रदान गर्दछ भन्ने भाव यहाँ पाइन्छ । प्रकृतिले वर्षा गराएर पर्याप्त पानीको तरानले धर्तीलाई शीतल तुल्याउनु भनेको जलीय तत्त्वको सत्तामा शक्ति निहित हुन्छ भन्नु हो र यो शक्ति वा ऊर्जाको प्रमुख स्रोत हो । यहाँ वर्षा बित्यो भन्नुले प्रकृतिमा समय वा ऋतु  परिवर्तन भइरहने चक्रीय प्रक्रियालाई सङ्केत गर्दछ । विकृति पदार्थमा देखिने भिन्नभिन्न रूपगत विकारहरू विभिन्न तत्त्वकै प्रतिक्रियात्मक प्रभाव र परिणाम हुन् । विकृति पदार्थकै कारणले प्रकृति पदार्थमा परिवर्तनका अनेक अवस्थाहरू पैदा हुने कुराको सङ्केत माथिको काव्यांशमा पाइन्छ । ऋतु वा समय परिवर्तनशील हुन्छ र यसक्रममा गर्मी र शीतल, सुख र दुःख, उत्थान र पतन जस्ता अवस्थाहरू देखा पर्दछन् । हिमालय पर्वतमा बस्ने शिवलाई यहाँ तुहिनगिरिका शङ्कर भन्दै जलीय तत्त्वको सर्वव्यापकतामा सम्पूर्ण प्राणीजगत् र परमेश्वर समेत सुख र आनन्दको अनुभूतिले रमाउने हुँदा विकृति पदार्थ अन्तर्गतको जल तत्त्व सृष्टिजगत्को सर्वप्रिय र महत्त्वपूर्ण अंश भएको भाव माथिको साक्ष्यमा रहेको पाइन्छ । यसका साथै बित्नु, छर्नु, हर्नु, धर्नु, बस्नु र लेट्नुजस्ता क्रियापदको प्रयोग सन्दर्भबाट पनि यहाँ मूल प्रकृति र विकृति पदार्थकै प्रभाव

र परिणामजन्य भावहरूलाई अभिव्यक्त गरिएको छ । साङ्ख्य दर्शनमा जगत्को आदिकारण मानिने सक्रिय प्रकृतिले विकार वा विकृति पैदा गर्छ र ती विकारहरूबाट जीवन र जगत्मा अनेक परिवर्तनहरू देखा पर्ने यथार्थ विषय र जलतत्त्वको महिमालाई माथिको श्लोकले पुष्टि गर्दछ ।

साङ्ख्य दर्शनमा सृष्टिको मूलकारण मानिएको प्रकृति पदार्थको सत्ता अविनाशी, अव्यक्त र प्रधान छ तर विकृति पदार्थका विकारजन्य स्वरूपहरूलाई भने रजोगुण र तमोगुणका प्रभावमा परेर भौतिक जगत्का प्राणीहरूले आफ्ना इन्द्रियहरूका बलद्वारा दुःख दिन र क्षति पुऱ्याउन सक्छन् । यसरी विभिन्न जीवजन्तु, प्राणी आदिबाट प्राप्त हुने वा तिनका कारणबाट भोग्नुपर्ने ताप वा दुःखलाई साङ्ख्य दर्शनले आधिभौतिक तापको संज्ञा दिएको छ भने आफ्नै कारणले, अज्ञानले वा आफूले आफैँलाई नचिन्दा हुने आध्यात्मिक दुःख र दैवीतत्त्व वा भूतप्रेत आदिका कारण हुने आधिदैविक दुःख गरी तीन प्रकारका दुःख हुने मान्यता साङ्ख्य दर्शनको छ । यी तीन प्रकारका दुःखबाट मुक्ति वा छुट्कारा प्राप्त गर्नुलाई साङ्ख्य दर्शनले मोक्ष मान्दछ । अरूलाई दुःख दिनु भौतिक जगत्का जीवजन्तु वा प्राणीको स्वभाव भएकाले प्रत्येक मानिसले आफ्नो जीवनकालमा भोग्नै पर्ने त्रितापमध्येको एक आधिभौतिक दुःखलाई कठिन यत्नले सहन गर्नु परेको अनुभूतिको भावलाई तलको साक्ष्यमा यसरी अभिव्यक्त गरिएको छ-

कुनै मुन्टै टोकूँ भनि नयन दिन्थे उपर ती
कुनै खेल्दै चल्दै घुसुघुसु धकेल्थे मकन ती ।
कुने दल्थे मल्थे हर किसिमका युक्ति-बलले
कठै ! यस्तै चालासित कठिन धेरै दिन चले ॥ (सातौँ श्लोक)

माथिको साक्ष्यमा पञ्चभौतिक तत्त्व (पृथ्वी, जल, तेज, वायु, आकाश)बाट निर्मित भौतिक शरीरले भोग्नुपरेको आधिभौतिक दुःखको अनुभूतिलाई प्रस्तुत गरिएको छ । माथिको श्लोकमा जीवजन्तुहरूले आफूलाई धकेल्ने, टोक्ने, दल्ने, मल्ने जस्ता अनेक इन्द्रिय तत्त्वको बल प्रयोग गर्दा कविले धेरै कष्ट भोग्नुपरेको अनुभूति व्यक्त गरेका छन् । यस्तो प्रकारको दुःख दिने जीव तथा प्राणीहरूसँग आआफ्नो खालको महत्(बुद्धि) तत्त्व र मनतत्त्व हुन्छ । यिनै तत्त्वका आधारमा तिनले आफ्ना कर्मेन्द्रियहरूको परिचालन गर्दै अरूलाई दुःख दिन्छन् । माथिको श्लोकमा यस जगत्मा रहेका अनेक प्राणीहरूले विभिन्न ज्ञानेन्द्रिय र कर्मेन्द्रियको प्रयोग गरी क्रियाप्रतिक्रिया गरेको र दुःख दिएको विषयलाई प्रस्तुत गरिएको छ । अरूलाई दुःख दिन पाउँदा रमाउने र दुःख दिन उद्यत हुने तर आफूमाथि त्यसप्रकारको दुःख आइपर्दा असहिष्णु बन्ने प्राणीस्वभावलाई यहाँ काव्यांशमा उल्लेख गरिएको छ । कविले जीवहरूबाट अनेक प्रकारका आधिभौतिक दुःखहरू खपेर निकै कठिनतासाथ कयौँ दिनहरू गुजारेको प्रसङ्ग प्रस्तुत गरेका छन् । यसरी पञ्चमहाभूतबाट बनेको शरीर, पञ्चज्ञानेन्द्रिय, पञ्चकर्मेन्द्रिय र दुःखको अनुभूति गर्ने मन इन्द्रियजस्ता विषयको प्रस्तुति रहेकोले माथिको श्लोकमा साङ्ख्य दर्शनको प्रकृति र विकृति पदार्थसम्बन्धी चिन्तन रहेको स्पष्ट हुन्छ ।

हावा वायु तत्त्व हो । पञ्चमहाभूतहरूमा यो अत्यन्त सूक्ष्म तत्त्व भएकाले यसको गुण र प्रभाव पनि

बढी हुन्छ । मानिस केही समयसम्म अन्नपानीविना पनि जीवित रहन सक्छ तर वायुविना ऊ क्षणभर बाँच्न पनि सक्तैन । शरीरमा अरू तत्त्वमा आउने विकारभन्दा वायुतत्त्वमा आउने विकार अत्यधिक संवेदनशील हुन्छ । वायुमा हुने अक्सिजन तत्त्वले रक्तसञ्चारमा, रगतको शुद्धीकरणमा र प्राणीको जीवनमा प्रत्यक्ष प्रभाव पारिरहेको हुन्छ । त्यस्तै पञ्चमहाभूतहरूमा अर्को पानी जलतत्त्व हो । धरणी शब्दले पृथ्वी तत्त्वलाई जनाउँछ । बल अग्नि तत्त्वको एउटा रूप हो । यी सबै तत्त्वको समायोजनबाट जीवजन्तु तथा प्राणीको भौतिक शरीर निर्माण हुन्छ । पञ्चभौतिक तत्त्वहरूबाट प्राप्त रसबलले नै शरीरका सम्पूर्ण अङ्गहरू सबल, हृष्टपुष्ट र आकर्षक बनेर सुन्दर देखिन्छन् । यसरी सुन्दर देखिनुमा तेजतत्त्वसमेत निहित छ । प्रकृति र विकृति चिन्तनका कोणबाट हेर्ने हो भने कुनै एउटा प्राणीको शरीरको निर्माणका कारक वा कारण पञ्चभौतिक तत्त्व नै हुन् । यी तत्त्वहरूको सबलतामा हृदय वा मनतत्त्व पनि प्रसन्न वा खुसी हुन्छ । मनतत्त्वले वास गर्ने स्थान मनको निवास अथवा घर पञ्चभौतिक तत्त्वबाट निर्मित शरीर नै हो । शरीर सुन्दर र सुगठित हुँदा मनले पनि आनन्द प्राप्त गर्छ; खुसी महसुस गर्दछ । त्यसैले पञ्चभौतिक शरीर र मनको बिचमा अत्यन्तै घनिष्ठ सम्बन्ध रहेको हुन्छ । कुनै पनि प्राणीको पञ्चभौतिक शरीरको वृद्धि पञ्चभौतिक तत्त्वकै रसबल वा संयोगबाट हुने हुँदा प्राणीको शारीरिक वृद्धि विकासका लागि यी पञ्चभौतिक तत्त्वहरूबिचको सामञ्जस्य र संयोग पनि आवश्यक छ । बीजरूप प्रकृति पदार्थबाट प्रकाशित हुने अङ्कुररूप विकृति पदार्थ अन्तर्गतका विभिन्न तत्त्वमध्येका पञ्चमहाभूत तत्त्वहरूको स्वरूप, प्रभाव र परिणामलाई कविले निम्नलिखित साक्ष्यमा यसरी व्यक्त गरेका छन्-

हवाको, पानीको, धरणि-जननीको रस-बल
लिँदै, प्यूँदै गर्दै पल पल सबै अङ्ग सबल ।
म त्यो चौबाटोमा अटल बलियो आसन कसी
जमैं, मेरो भित्री  हृदय हुन थाल्यो अति खुशी ॥ (चौधौं श्लोक)

माथिको काव्यांशमा साङ्ख्य दर्शनले मानेको विकृति पदार्थ अन्तर्गतका सर्वव्यापी पञ्चमहाभूत तत्त्वहरू(पृथ्वी, जल, तेज, वायु र आकाश)को चर्चा गरिएको छ । वायु तत्त्वविना जीवन र जीवको सृष्टि सम्भव छैन । सृष्टिका प्रत्येक जीव र प्राणीको पञ्चभौतिक शरीरमा हुने वायुलाई चिनाउन यहाँ हवा शब्दको प्रयोग गरिएको छ । हाम्रो शरीरका अङ्गप्रत्यङ्गमा वायुतत्त्व विद्यमान हुन्छ । शरीरमा हुने वायुतत्त्वकै कारणबाट हामी स्पर्श गुणको अनुभव गर्न समर्थ हुन्छौँ । माथि काव्यांशमा प्रस्तुत वायु भनेको प्राणवायु हो । प्राणवायुको अभावमा जीव तथा प्राणीको जीवन रहन्न; ती सबै निष्प्राण हुन्छन् । बोटविरुवा, जीव तथा प्राणीहरूको वृद्धि र विकासका लागि वायुतत्त्व अनिवार्य कारक हो । यस्तै अर्को महत्त्वपूर्ण कारक तत्त्व जल हो । जलीय तत्त्व रसरूपमा प्रकट हुन्छ । जीवनको अस्तित्वका लागि यो अनिवार्य भएकाले यसको सत्ता सर्वव्यापक, सार्वकालिक (नित्य) रहेको छ । यसैगरी माथिको साक्ष्यमा धरणी भनिएको तत्त्व धरती अर्थात् पृथ्वी हो । पृथ्वीतत्त्व गन्ध रूपमा प्रकट हुन्छ । यसलाई हामी अनेक गन्धयुक्त तत्त्वका रूपमा चिन्दछौँ । यसका साथै रूपगुणयुक्त तत्त्व तेज र शब्दगुणयुक्त तत्त्व आकाश यी सबै नित्य छन्, यिनको सत्ता एवम् अस्तित्व सर्वव्याप्त छ । जतिसुकै खपत अर्थात् उपयोग गरिए पनि कहिल्यै नरित्तिने र नसिद्धिने यी पञ्चमहाभूत तत्त्वले जीव वा

प्राणीको जीवनको उत्पत्ति र वृद्धिविकास हुनुका साथै अन्ततः विनष्ट हुने जीव वा प्राणीको भौतिक शरीरलाई आफैँमा समाहित गर्दछ । यस्तो रहस्यमय चक्रमा आउने यी तत्त्वहरू प्रकृति मूल पदार्थमा अव्यक्त र विकृति मूल पदार्थमा विकारजन्य विभिन्न स्वरूपमा व्यक्त हुन्छन् । यिनै तत्त्वयुक्त जीवशरीरको सबलतामा चैतन्यस्वरूप हृदयतत्त्वमा समेत आनन्दको अनुभूति हुन्छ । पञ्चमहाभूत तत्त्वबाट निर्मित सबल र सुगठित भौतिक शरीरमा विभिन्न प्रकारका तापहरूलाई सहन गर्ने तथा तिनसँग सङ्घर्ष गर्ने सामर्थ्य पनि हुन्छ । साङ्ख्य दर्शनले मान्यता दिएका यी तत्त्वहरूको स्वभाव र प्रभावलाई प्रकृति र विकृति पदार्थ अन्तर्गत चर्चा गरिएकोले उल्लिखित साक्ष्यमा प्रकृति र विकृति चिन्तनको सशक्त प्रस्तुति गरिएको देखिन्छ ।

साङ्ख्य दर्शनले मानेका चार मूल पदार्थ र ती अन्तर्गत आउने पच्चीस वटा तत्त्वहरूमा विभिन्न विशेषताहरू झल्किन्छन् । यी विभिन्न तत्त्वमा रहने भिन्नभिन्न विशेषताकै कारण विविधतामय जगत्को सृष्टिचक्रमा उत्थान र पतनका अनेक अवस्थाहरू देखा पर्छन् । कतिखेर कसलाई कहाँ के परिआउँछ भन्ने कुरा विधातालाई अर्थात् सृष्टिको चक्र चलाउनेलाई बाहेक हामी कसैलाई पनि थाहा हुन्न । यस रहस्यका दर्शक तथा भोक्ता रहेका हामीलाई यस्तो उत्थान र पतनबाट सुख वा दुःखको अनुभूति भने अवश्य हुन्छ । साङ्ख्य दर्शनका अनुसार प्रकृति र पुरुष तत्त्व नै सृष्टिका मूल कारक हुन् । यस दर्शनले पुरुष तत्त्वलाई विधाताको स्थान दिएको छ र प्रकारान्तरले विधाता वा ईश्वरलाई पनि स्वीकार गरेको देखिन्छ । हाम्रा आकाङ्क्षा र सपनाहरू मसिनो धागोसँग जोडिएर खुल्ला आकाशमा उड्ने चङ्गाजस्तै निकै उचाइ ताकेर अघि बढाइएका भए पनि तिनको क्षणभरमै दुःखद् पतन हुन सक्ने व्यावहारिक सत्यलाई कविले तलको काव्यांशमा यसरी अभिव्यक्त गरेका छन् -

कहाँ त्यो चङ्गाको ललित-गति-शोभा गगनको
कहाँ त्यस्तो चाँडो विकट दुरवस्था पतनको !
विधाताले मानू क्षणिकतम उत्थान-पतन
क्रियाको झल्कायो झलक करुणासाथ मकन ॥ (छब्बिसौँ श्लोक)

माथि प्रस्तुत श्लोकमा आएको चङ्गा शब्दले मनतत्त्वलाई जनाउँछ । क्षणभङ्गुर तथा नाशवान् भौतिक शरीररूपी घरमा वास गर्ने मनतत्त्व शून्य अर्थात् खुला आकाशमा स्वच्छन्द रूपमा विचरण गर्ने तत्त्व हो तर भौतिक शरीरको पतनसँगै यो पनि प्रभावित हुन्छ । उत्थान र पतन स्वाभाविक प्रक्रिया हो; त्यसैले जन्मपछि मृत्यु, आरोहपश्चात् अवरोह, विकासपछि विनाश तथा उत्थानपछि पतनको क्रिया सुनिश्चित छ । यस्तो प्रक्रियाले प्रकृति र विकृतिसम्बन्धी मान्यताको चिन्तनलाई सङ्केत गर्दछ । प्रकृतिबाट सृष्टि भएका जति पनि पञ्चभौतिक तत्त्वहरू छन् तिनको उत्थानपछि पतन निश्चित छ भन्ने मान्यता साङ्ख्य दर्शनले राख्दछ । जीवन सुखदुःखमय छ । हाम्रो मनतत्त्वले कुनै कुराको उत्थान हुँदा खुशी र पतन हुँदा दुःख अनुभव गर्दछ । हाँसो र आँसु जीवनमा एकै सिक्काका दुई पाटाको रूपमा रहेका हुन्छन् । आरोह-अवरोह, हर्ष-विस्मात्, उत्थान-पतन जस्ता जीवनमा घटित हुने अवस्थाहरू प्रकृति र विकृति पदार्थ अन्तर्गतका तत्त्वहरूकै प्रभाव र परिणामहरू हुन् । यस्तो उथलपुथल तथा परिवर्तन प्रकृतिनिर्मित सबै तत्त्वमा हुने वा देखिने गर्दछ र यसरी देखिने

परिवर्तनका विविध रूपलाई नै साङ्ख्य दर्शनले विकार वा विकृति भन्दछ । प्रकृतिबाट निर्मित वा विकसित वस्तु विकृति तत्त्वहरूबाट विकसित भई विस्तार हुन्छ र विविध क्रियाप्रतिक्रियाका परिणामस्वरूप अन्ततः विनष्ट पनि हुन्छ भन्ने कुरालाई माथिको काव्यांशमा देखाइएको हुनाले यसमा कविको दार्शनिक चेत प्रकृति र विकृति चिन्तनका रूपमा प्रस्तुत भएको प्रस्ट हुन्छ ।

पञ्चभौतिक तत्त्वबाट निर्मित प्राणीशरीर क्षणभङ्गुर छ भन्ने कुराको बोध हुँदाहुँदै पनि उक्त नाशवान् शरीरमा रहेको चित्त वा मन इन्द्रिय भने बेलगाम उन्मुक्त भएर उडिरहेको हुन्छ । साङ्ख्य दर्शनको मान्यता अनुसार विकृति अन्तर्गत पर्ने १६ तत्त्वमध्ये 'मन' पनि एक हो । विभिन्न कारणहरूले अत्यन्त सूक्ष्म रूपमा रहेको मनतत्त्वमा हलचल भइरहन्छ । मन तरङ्गित, चञ्चल र अविश्रान्त छ । यसले नै हाम्रो शरीरलाई सुख वा दुःखको अनुभव गराउँछ । मनकै आधारमा हामीले सोच्ने, अनुभव गर्ने, कल्पना गर्ने, तर्क गर्ने जस्ता क्रियाहरू सम्पादन गर्छौं । उल्लिखित साक्ष्यमा मनतत्त्वको महिमालाई उद्घाटन गरिएको छ । मनमा उत्पन्न हुने विचार तथा मनबाट गरिने सङ्कल्पहरूलाई यहाँ लटाइको मसिनो धागोसँग आरोपित गरिएको छ । लटाइको उक्त मसिनो र कमजोर धागोको रूपमा चित्रित मनका सङ्कल्पहरू, आकाङ्क्षाहरू र अतृप्त चाहनाहरू तरलतम अर्थात् अस्थिर हुने विचार व्यक्त गरिएको छ । अत्यन्त मसिनो र मक्किएको चङ्गाको धागोजस्तो कमजोर आधार भएको मनतत्त्व पवन अर्थात् वायुतत्त्वकै गतिमा जतासुकै जानसक्ने भन्दै कविले मनको धागो जतिखेर पनि चुँडिन सक्ने विचार प्रकट गरेका छन् । साङ्ख्य दर्शनद्वारा मानिएका विभिन्न विकृति तत्त्वमा गति हुन्छ भन्ने कुरालाई पनि यहाँ सङ्केत गरिएको छ । चञ्चल मनको गति र पञ्चभौतिक तत्त्वमध्येको एक वायुतत्त्वको गतिले विभिन्न विकार एवम् विकृतिहरू जन्माउने विषयलाई प्रस्तुत गर्दै यहाँ यी तत्त्वहरूमा आउने विकारले संसारमा चमत्कार सिर्जना गरेको कुराको अभिव्यक्तिका लागि मनतत्त्वलाई सकल दुनियाँकै चमत्कारी चङ्गाको रूपमा चित्रण गरिएको छ । तृष्णामय संसारमा चङ्गारूपी मन शून्य आकाशमा उन्मुक्त भएर खेल्ने तथा चञ्चल रहने कुरा बताउँदै कविले यसकै कारण सिङ्गो दुनियाँमा परिवर्तनरूपी चमत्कार पैदा भएको दार्शनिक भाव व्यक्त गरेका छन् । मनमा उत्पन्न हुने तरलतम संकल्पहरूको आधार अत्यन्त झिनो र कमजोर हुँदाहुँदै पनि प्राणीले महत्त्वाकाङ्क्षा बोक्न नछोडेको यथार्थलाई तलको काव्यांशमा यसरी प्रस्तुत गरिएको छ-

लटाईको धागो तरलतम सङ्कल्प मनको
कका मस्काएको उभय-गति सुर्के पवनको ।
सदा उड्दो तृष्णामय गगनमा कौतुक गरी
चमत्कारी चङ्गा सकल दुनियाँ नै हरि ! हरि !! (अठ्ठाइसौं श्लोक)

माथिको श्लोकमा कवि चिन्तनको निकै गहिराइमा पुगेका देखिन्छन् । यो विश्वब्रह्माण्डको सृष्टि प्रक्रिया प्रकृति र पुरुषको योगबाट भएको मान्यता राख्ने साङ्ख्य दर्शनमा विकृति पदार्थअन्तर्गत पर्ने विभिन्न तत्त्वमध्ये मनतत्त्वको महिमा चमत्कारी रहेको आशयलाई माथिको श्लोकमा व्यक्त गरिएको छ । मन आत्मा वा चेतनातत्त्व हो र यसको सत्ता सर्वव्यापक, सार्वकालिक र गतिमान छ भन्ने विचार प्रस्तुत गरिएको छ । यस

तत्त्वमा निहित चमत्कारी शक्ति र विशेषताले नै जगत् र जीवनमा हलचल वा विकार ल्याइदिन्छन् । विकृति पदार्थको अंशरूप मनतत्त्वकै आधारमा प्राणीले धैर्य-अधैर्य, सुख-दुःख, उत्थान-पतन, शक्तिशाली-शक्तिहीन, आशा-निराशा, प्रगति-दुर्गति, धर्म-अधर्म, पाप-पुण्य, विकास-विनाश आदिजस्ता विपरीत अवस्थाहरूको अनुभव गर्दछ तर यति महत्त्वपूर्ण विषयहरूको अनुभूति गराउने मनतत्त्वको धागो यति कमजोर छ कि त्यो जतिखेर पनि चुँडिन सक्छ । यहाँ विकृति तत्त्वहरूमा स्थिरता नहुने र क्षणभङ्गुर शरीर, पञ्चज्ञानेन्द्रिय, पञ्चकर्मेन्द्रिय अनि मन सबैमा विकार आई त्यसका अनेक प्रभाव र स्वरूपहरू अनुभूतिगम्य तथा ज्ञेय हुने भाव व्यक्त भएको छ । जगत् र जीवनमा प्रकृति र विकृति मूल पदार्थहरू अभिन्न सत्ताका रूपमा क्रियाशील रहने दार्शनिक चिन्तनको प्रस्तुति तरुण तपसी काव्यका विश्लेष्य अंशहरूमा रहेको देखिन्छ । लेखनाथको रचना तरुण तपसी काव्य जीवनजगत्का यिनै दार्शनिक मान्यताहरूको सघन प्रयोगले आफैँमा दर्शन बनेको छ भने यस काव्यमा अभिव्यक्त दर्शन हाम्रा जीवनको महत्त्वपूर्ण अङ्ग बनेर प्रस्तुत भएको छ । कविको ज्ञानराशी तथा दर्शनपरक चिन्तन यहाँ विभिन्न स्वरूपमा एकत्रित भएर पोखिएको अनुभव हुन्छ ।

## निष्कर्ष

प्रस्तुत अध्ययनमा नेपाली दार्शनिक महर्षि कपिलद्वारा प्रतिपादित साङ्ख्य दर्शन अन्तर्गतको प्रकृति र विकृति चिन्तनसम्बन्धी सैद्धान्तिक मान्यताका आधारमा कविशिरोमणि लेखनाथ पौड्यालद्वारा रचित काव्य तरुण तपसीको तृतीय विश्रामका विभिन्न पाँच वटा श्लोकहरूमा प्रयोग गरिएको दार्शनिक चिन्तनको स्वरूप केकस्तो रहेको छ भनी पुस्तकालयीय अध्ययनमा आधारित रही व्याख्याविश्लेषण प्रस्तुत गरिएको छ । मूलतः शास्त्रीय शिखरिणी छन्दमा संरचित तरुण तपसी काव्यमा दार्शनिक चिन्तनको प्रचूर र सघन प्रयोग गरिएको छ । विभिन्न पूर्वीय दर्शनका सैद्धान्तिक मान्यताहरूसँग सम्बन्धित रहेका देखिने प्रस्तुत काव्यका श्लोकहरूमध्ये यहाँ विश्लेषण गरिएका पाँच वटा श्लोकहरूमा मूलतः साङ्ख्य दर्शनको प्रकृति र विकृति चिन्तन रहेको छ । जगत् र जीवनको सृष्टिका मूल चार पदार्थ र पच्चीस तत्त्वको सङ्ख्या नै साङ्ख्य दर्शनको सारभूत विषय हो । विश्लेषित साक्ष्यहरूमा प्रकृति पदार्थ र विकृति पदार्थ अन्तर्गतका सोह्र तत्त्वहरूको चर्चा गरिएको छ । साङ्ख्य दर्शनले मानेका त्रिगुण र त्रितापको प्रसङ्ग पनि यहाँ रहेको छ । विकृति पदार्थ अन्तर्गतका जलतत्त्व र पृथ्वीतत्त्वको सम्बन्ध अत्यन्त प्रगाढ छ र यी तत्त्वहरूको उपयोग तथा उपभोगबाट प्राणीजगत्लाई अलौकिक सुख र आनन्द प्राप्त हुन्छ भन्ने भाव प्रस्तुत काव्यको विश्लेषित प्रथम साक्ष्यमा रहेको छ । विश्लेषणका लागि उद्धृत दोस्रो साक्ष्यमा साङ्ख्य दर्शनले बताएका तीन प्रकारका दुःखमध्ये आधिभौतिक तापको चर्चाका सन्दर्भमा अनेक जीवजन्तु र प्राणीका इन्द्रियजन्य त्यस्ता तापहरूलाई कविले निकै कठिनतासाथ सहन गर्नु परेको दार्शनिक भाव पाइन्छ । त्यस्तै तेस्रो साक्ष्यमा हावा, पानी, पृथ्वी आदि पञ्चभौतिक तत्त्वकै रसबलले भौतिक शरीरको निर्माण र विकास हुने क्रममा अङ्गहरू सबल र सुगठित हुँदा हृदयमा पनि खुसीको अनुभव हुने विचारलाई अघि सारिएको देखिन्छ । विश्लेषित चौथो काव्यांशमा चङ्गारूपी मनतत्त्वको चञ्चलता, क्षणभङ्गुर भौतिक शरीरको उत्थानमा खुसी र पतनमा दुःखी भइने प्रकृतिविकृतिको चक्रीय प्रक्रियाको अभिव्यक्ति प्रस्तुत छ । विवेचित पाँचौं तथा अन्तिम श्लोकमा क्षणभङ्गुर भौतिक शरीरमा वास गरेर अनेक सङ्कल्प, तृष्णा र महत्त्वाकाङ्क्षा पाल्ने अति सूक्ष्म मनतत्त्वको शक्ति चामत्कारिक भएको दार्शनिक भावको अभिव्यक्ति गरिएको छ ।

यहाँ वर्णित विषयसन्दर्भहरू र विश्लेषित काव्यांशहरूको प्रत्यक्ष सम्बन्ध साङ्ख्य दर्शन र यसअन्तर्गतका प्रकृति र विकृति चिन्तनसँग रहेको हुनाले यस दृष्टिकोणबाट तरुण तपसी काव्यको तेस्रो विश्रामबाट उद्धृत श्लोकहरू सार्थक र औचित्यपूर्ण रहेका देखिन्छन् । दर्शनजस्तो गहन र निरस विषयलाई पनि उक्त श्लोकहरूमा सरल र सरस ढङ्गले प्रस्तुत गरिएको छ । दर्शनपरक चिन्तनलाई स्तरीय साहित्यिक रूप दिन सक्ने लेखनाथको उच्च प्रतिभाबाट जन्मेको सिङ्गो तरुण तपसी काव्य आफैँमा दर्शन बनेर रहेको प्रतीत हुन्छ भने यस काव्यमा व्यक्त दर्शन हाम्रा जीवनको अभिन्न अङ्ग बनेर प्रस्तुत भएको छ । त्यसैले सिङ्गोतरुण तपसी काव्य  दर्शनपरक चिन्तनहरूका आधारमा पठनीय, मननीय, विश्लेषण तथा विवेचनायोग्य रहेको देखिन्छ ।

## सन्दर्भ सूची

किरण, मोहन वैद्य (२०७६). *हिमाली दर्शन (द्वि.सं.).* शमी साहित्य प्रतिष्ठान ।

कोइराला, परशुराम (२०७४). *शोधमा सन्दर्भसूची र सन्दर्भाङ्कनको प्रयोग.* पृथ्वीदर्पण अनुसन्धान विधि र प्रक्रिया, नेपाली शिक्षा विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा (अङ्क-५, पृ. २८०-२८१) ।

गौतम, लक्ष्मणप्रसाद (२०७८). वैदिक षड्दर्शनका प्रमुख मान्यता. *नेपाल अध्ययन जर्नल विज्ञसमीक्षित अनुसन्धानमूलक जर्नल,* त्रिभुवन विश्वविद्यालय नेपाल र एसियाली अनुसन्धान केन्द्र, कीर्तिपुर, काठमाडौँ (वर्ष-१, अङ्क-१, पृ. ७८-८५) ।

ढकाल, प्रमोद (२०७६). *पूर्वीय दर्शनको पुनर्व्याख्या,* बिग फ्यामिलि भेन्चर्स्, काठमाण्डू ।

पौड्याल, कविशिरोमणि लेखनाथ (२०६२). *तरुण तपसी. (बाह्रौँ सं.).* साझा प्रकाशन ।

प्रधान, कृष्णचन्द्रसिंह (२०५८). *साझा समालोचना (पाँचौँ सं.).* साझा प्रकाशन ।

बन्धु, चूडामणि (२०५२/२०७५). *अनुसन्धान तथा प्रतिवेदन लेखन.* रत्न पुस्तक भण्डार ।

राई, भक्त (२०७४). *पूर्वीय दर्शन.* नेपाल प्राज्ञिक अनुसन्धान केन्द्र ।

वस्ती, सनतकुमार (२०७४). *कविशिरोमणि रचनावली (सम्पा.).* पब्लिकेसन नेपालय ।

श्रेष्ठ, दयाराम (२०७९). *साहित्यको अनुसन्धान व्यवस्थापन (द्वि.सं.).* शिखा बुक्स ।

सुवेदी, राजेन्द्र र गौतम, लक्ष्मणप्रसाद (२०७९). *रत्न बृहत् नेपाली समालोचना भाग - ३ (सम्पा.).* रत्न पुस्तक भण्डार ।